**मिति २०८०। १२।१४ गते बसेको निस्दी गाउँपालिकाको ५६ औँ गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. खादर अदुवा खेती विस्तार कार्यक्रमको लागत सहभागीता सम्वन्धमा।

३. क्यालेण्डर छपाइ सम्वन्धमा।

४. दोस्रो निस्दी कृषि पर्यटन सांस्कृतिक तथा खेलकुद महोत्सव २०८० सम्वन्धमा।

५. विविध।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**मिति २०८०।१२।१४ गते बसेको निस्दी गाउँपालिकाको ५६ औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ३ झिरुवासको कृषि कार्यक्रम झिरुवास अदुवा खेती विस्तारको कृषक लागत सहभागीता २५ प्रतिशत र गाउँपालिकाको अनुदान ७५ प्रतिशत कायम गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वार्षिक तालिका सहित वि सं २०८१ सालको भित्ते पात्रो छपाइ गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी खेलकुद विकास समितिको आयोजनामा मिति २०८०।१२।२६ देखी २०८१।०१।०३ गते सम्म संचालन हुने निस्दी कृषि पर्यटन सांस्कृतिक तथा खेलकुद महोत्सव २०८० को संरक्षक तथा सह आयोजक निस्दी गाउँपालिका रहने सर्वसम्मत निर्णय गरियो । उक्त महोत्सवको लागी अन्तरपालिका खेलकुद रु ८ लाख वाट भलिवल खेल संचालन गर्ने, जनजाति शिर्षकमा रहेको रु ५ लाखवाट सांस्कृतिक महोत्सव संचालन गर्ने ,कृषि तथा पर्यटनको लागी रु २ लाख इ सी जि मेसिन खरिद रु ३३ लाख वाट रकमान्तर गरि जम्मा रु १५ लाखको दोस्रो निस्दी कृषि पर्यटन सांस्कृतिक तथा खेलकुद महोत्सव २०८० सहआयोजना गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ विविध माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) पाल्पा जिल्ला अदालत लाइ डेक्सटप खरिद गरि सहयोग गर्ने निर्णय गरियो ।

ख) वडा स्तरीय सार्वजनिक सुनुवाइ सात वटै वडामा २०८० चैत्र मसान्त सम्ममा सम्पन्न गर्ने निर्णय गरियो ।

०८०।१२।१४

प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner